
२०८१-२०९०

# एकडारा गाउँपालिकाको शिक्षा क्षेत्र योजना

## Education Sector Plan

## 2024-2033




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD,2074

**एकडारा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**एकडारा, महोत्तरी मधेस प्रदेश**

२०८१

# शिक्षा क्षेत्र योजना २०८१–२०९०

# Education Sector Plan, 2024-2033

<u>एकडारा गाउँपालिका शिक्षा योजना निर्माणको कार्यदलका सदस्यहरु :</u>

| | |
|---|---|
| **तयार कर्ताः** | शिव शरण दास (प्रमुख शिक्षा, युवा तथा खेलकुद शाखा)<br>शिवेन्द्र ठाकुर (सूचना प्रविधि अधिकृत) |
| **प्रकाशकः** | एकडारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय महोत्तरी |
| **प्रकाशन प्रतिः** | १००० प्रति |
| **सर्वाधिकारः** | प्रकाशकमा |
| **प्रकाशन मितिः** | २०८३/०३/....... |
| **प्राविधिक सहयोगः** | पिपुल प्रमोट सेन्टर, धनुषा (पि.पि.सि) र यूनिसेफ नेपाल |

# हार्दिक आभार



स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी गाउँपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो ।

यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । एकडारा गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना (२०२४-२०३३) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको १० बर्षे मार्गदर्शन हो । यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाउँपालिकाले राखेको छ । यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, गाउँ शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाह प्रति विशेष धन्यवाद दिन चाहन्छु ।

..........................

**दीप नारायण मण्डल**

**गाउँपालिका अध्यक्ष**

# प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय  शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा  सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनोले महत्वपूर्ण योगदान पुर्‍याउँदछ ।

एकडारा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयारका लागि प्राविधिक सहयोग उपलब्ध गराउने जिल्ला स्तरीय प्राविधिक कार्यदल, शिक्षा विकास तथा समन्वय इकाइ र प्रारम्भिक कक्षा पढाई कार्यक्रमलाई धन्यवाद दिन चाहन्छौ ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय समयमा सुझाव प्रदान गरी सहयोग पुर्‍याउने गाउँपालिका परिवार, गाउँ शिक्षा समिति, नेपाल शिक्षक महासंघ , शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दैछौ ।

.............................

**शिव शरण दास**
**शिक्षा संयोजक**

# बिषयसूची


योजनाको सारांश ........ १

विषय प्रवेशः ........ १

एकडारा गाँउपालिकामा योजना निर्माणको औचित्य ........ २

एकडारा गाँउपालिकामा शिक्षा योजना निर्माणका आधार ........ ३

शिक्षा योजना निमार्ण प्रक्रिया ........ ३

योजनाको लेखाजोखा ........ ४

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ........ ३२

परिचय ........ ३२

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 32

३.१.१ वर्तमान अवस्था ........ 33

३.१.२ उद्देश्य ........ 34

३.१.३ रणनीति ........ 34

३.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 35

३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 36

३.३ माध्यमिक शिक्षा ........ ४२

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ४६

३.५ अन्य उपक्षेत्रहरू ........ ४९

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ........ ५०

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ५०

४.२ समावेशी कक्षा व्यवस्थापन ........ ५५

परिचय ........ ५५

४.३ शैशिक समता र समावेशीकरण ........ ६१

४.३.१ वर्तमान अवस्था ........ ६१

**४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम......................................................६४**

**४.५ आपतकालीन तथा संकटकालिन अवस्था शिक्षा..........................................................६७**

**४.६ विद्यालयको भौतिक पूर्वाधार विकास.....................................................................७०**

**४.७ विधालयमा सूचना तथा संचार प्रविधि...................................................................७३**

**परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन ......................................................................... ७६**
**५.२ स्थानीय शिक्षा योजना कार्यन्वयन प्रबन्ध..............................................................८०**

**परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ....................................................................... ८६**
विद्यालय क्षेत्र अन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट.........................................८९

**परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन.........................................................................९२**

## योजनाको सारांश

नेपालले गुणस्तरीय शिक्षाका लागि विद्यालय शिक्षा क्षेत्र योजना (SESP) अन्तर्गत संघीय, प्रदेश, र स्थानीय तहले विभिन्न क्रियाकलाप संचालन गरेका छन् । यस योजनाले विशेषगरी बालबालिकाको सिकाइ उपलब्धि सुधार गर्ने, शिक्षामा समावेशीकरण प्रवर्द्धन गर्ने, र शिक्षाका लागि दिगो पूर्वाधार विकास गर्ने उद्देश्य राखेको छ ।

शिक्षा नीति तथा कार्ययोजना कार्यान्वयनमा प्रादेशिक शिक्षा सुधार पहल र स्थानीय तहका शिक्षा कार्यालयहरूलाई सक्रिय बनाइएको छ । यस क्रममा शिक्षाका लागि विभिन्न स्रोत परिचालन गरी स्थानीय शिक्षा योजना (LESP) तयार गर्न तथा लागू गर्न जोड दिइएको छ ।

यसका साथै शिक्षा क्षेत्रमा डिजिटल प्रविधि, बालमैत्री पूर्वाधार निर्माण, र दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्न विशेष ध्यान दिइएको छ । संघीय सरकार र अन्तर्राष्ट्रिय साझेदारहरूको सहयोगमा शिक्षामा गुणस्तर सुधार गर्न थुप्रै कार्यक्रमहरू सञ्चालन गरीएका छन् ।

सारांशमा, नेपालको शिक्षा क्षेत्रमा सुधारका लागि दिगो विकास लक्ष्य अन्तरगत सन् २०३० सम्म शिक्षा नीति तथा कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ । गुणस्तरीय, समावेशी, र लचिलो शिक्षाका लागि ठोस कदम चालिएको छ ।

**विषय प्रवेशः**

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गरी प्राप्त सफलताहरूलाई उजागर गर्दै, शिक्षा क्षेत्रमा गुणस्तर, पहुँच, समावेशिता, र दिगोपन सुनिश्चित गर्नका लागि शिक्षा अभियानको नयाँ अवधारणा

प्रस्तुत गरिएको छ । नेपालका विश्वविद्यालय तहका शिक्षाका सुधारका लागि विश्वविद्यालय शिक्षा क्षेत्र अभियान सञ्चालनमा रहेको छ । त्यसैगरी, प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको अभियानलाई थप सशक्त बनाउन काम भइरहेको छ ।

स्थानीय तहमा पनि बालमैत्री तथा गुणस्तरीय शिक्षाका लागि स्थानीय संरचनाहरू सक्रिय रूपमा कार्य गरीराखेका छन् । समग्रमा, शिक्षा प्रणालीमा रहेका चुनौतीहरूलाई समाधान गर्दै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने उद्देश्यले यस अभियानलाई व्यवस्थित रूपले अगाडि बढाइएको छ ।

नेपालको शिक्षा प्रणाली, विद्यालय शिक्षा क्षेत्र, सामुदायिक र निजी शिक्षाका कार्यक्रमहरू, शिक्षक व्यवस्थापन, पाठ्यक्रम सुधार, तथा शैक्षिक पुनर्संरचनाको आवश्यकताले प्रेरित भएर स्थानीय स्थानीयतहमा शिक्षा अभियान सञ्चालनमा आएको हो । शिक्षा क्षेत्रमा गुणस्तर सुधार, पहुँच विस्तार, र समावेशिता सुनिश्चित गर्न, स्थानीय स्थानीय तहका शिक्षा योजनाहरूलाई प्रभावकारी बनाउँदै लैजाने उद्देश्यले स्थानीय सरकार, सरोकारवाला निकाय, र शिक्षासँग सम्बन्धित साझेदार संस्थाहरूको सहकार्यमा अभियान अघि बढाइएको छ । शिक्षा अभियानले शिक्षामा रहेका चुनौतीहरू समाधान गर्दै गुणस्तरमा सुधार, सहभागिता र दिगोपनका सिद्धान्तहरूको प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

नेपालको शिक्षा क्षेत्र योजना (Education Sector Plan) कार्यान्वयनको महत्वपुर्ण कडीको रूपमा स्थानीय तहका योजना र कार्यक्रमहरूलाई सहजीकरण गर्दै, शैक्षिक संरचनाको पुनर्संरचना, शिक्षकहरूको क्षमता विकास, पाठ्यक्रम अनुकूलन, र विद्यार्थी केन्दित बनाइएका छ ।

यस अभियानले शिक्षामा नवप्रवर्तन, दीगो विकासका लक्ष्यहरूसँग मिल्ने शैक्षिक उपलब्धिहरू, संस्थागत गर्न योगदान पुऱ्याएको छ । त्यसैले, स्थानीय तहमा यस अभियानको निरन्तरताका लागि सहकार्य, अनुगमन, र मूल्याङ्कनलाई व्यवस्थित रूपमा अघि बढाउनु पर्ने देखिन्छ ।

**एकडारा गाँउपालिकामा योजना निर्माणको औचित्य**

१. स्थानीय तहमा लागु गरीने शिक्षाको व्यवस्थापन Vertical/Horizontal प्रणालीमा आधारित स्पष्ट गर्न ।
२. स्थानीय र प्रादेशिक तहमा हुने कार्यहरूलाई शिक्षामा प्रभावकारी रुपमा समावेश गर्न अनुगमन, समीक्षा र प्रयोगात्मक कार्यान्वयन सुनिश्चित गर्न ।
३. कार्यान्वयन र अनुगमन प्रक्रियामा देखिएका समस्या, चुनौतीहरू, र उपलब्धिहरूलाई विश्लेषण गर्दै सुधारको लागि सिफारिस गर्न ।
४. समावेशी शिक्षामा सुधार नीति, योजना कार्यान्वयनलाई प्रभावकारी बनाउँदै सबैका लागि समान अवसर सुनिश्चित गर्न ।

५. शिक्षाको गुणस्तर सुधार गर्न राष्ट्रिय र स्थानीय स्तरमा परिणाममुखी कार्यहरू अघि बढाउन ।
६. गाउँपालिकाका विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा एवं निशुल्क माध्यमिक शीक्षा सुनिस्चित गर्न

**एकडारा गाँउपालिकामा शिक्षा योजना निर्माणका आधार**

यस गाँउपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइ निमार्ण गरिएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री तथा विज्ञहरुको सल्लाह सुझाव लिई शिक्षा योजना निर्माण गरिएको हो ।

- नेपालको संबिधान,२०७२
- सोहौं आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७
- अनिवार्य तथा निःशुलुक शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली २०७७ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
- मधेश प्रदेश शिक्षा नीति, २०८१
- विद्यालय सधुार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

**शिक्षा योजना निमार्ण प्रक्रिया**

यस गाउँपालिकाको शिक्षा योजना निमार्ण कार्य गर्दा पहिलो गाउँ शिक्षा समितिको बैठक गरी शिक्षा योजनाको बारेमा विस्तृत जानकारी गराइ यसले समग्र पालिकाको शिक्षा क्षेत्रमा पारेको सकरातमक प्रभाव तथा निकट भविष्यमा पालिकाको अवस्था कस्तो रहने छ भनी डाटाले देखाउन कार्यलाइ आधार बनाइ निमार्ण प्रक्रिया अगाडि बढाइएको थियो । जस अनुसार कार्यपालिकाको

बसेको बैठक बाट गाउँपालिकाको अध्यक्ष दीप नारायण मण्डलज्युको सँयोजकत्वमा १५ सदस्यीय शिक्षा योजना निमार्ण कार्यदल गठन भई कार्य अगाडि बढेको छ । जस अनुसार तपसिलका कार्यहरु गरिएको छ ।

१. गाँउकार्यपालिका स्तरीय बैठक
२. योजना निर्माण कार्यदल गठन तथा परिचालन
३. स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण गर्न ESP Toolkit अद्यावधिक र विश्लेषण
४. योजना निर्माण कार्यदलका पदाधिकारीहरुको लागि ३ दिने आवाशीय क्षमता अभिवृद्धि तथा योजना मस्यौदा तयारी कार्यशाला संचालन
५. गाउ-टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता, सङ्घसस्था लगायत विभिन्न सरकारी, गैरसरकारी सङ्घससंथा आदिके भेलामा छलफल गरी सुझाव संकलन ।
६. योजनाको मस्यौदा तयार ।
७. गाउँ शिक्षा समितिद्वारा मस्यौदागाउँ शिक्षा योजनामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण ।
८. गाउँ शिक्षा समितिद्वारा योजनाको अन्तिम मस्यौदा तयार ।
९. गाउँ शिक्षा समितिद्वारा गाउँ शिक्षा योजनालाई अन्तिम रुप दिई स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश
१०. कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्यन ।

**योजनाको लेखाजोखा**

शिक्षा योजना निमार्ण पश्चात यसको विश्वसनीयता, वस्तुनिष्ठ दिगोपन र आर्थीक लगानी योग्य छ कि छैन भनेर यस गाउँपालिका भित्र तथा बाहिरका विभिन्न शाखा तथा उप शा शाखा हरु सँगको समन्वय गरी यसको राम्रा तथा सुधार गर्नु पर्ने पक्षहरुको सहि विश्लेष्ण गरी लेखाजोखा गरिएको जसमा एकडारा गाँउपालिको तपसिलका पक्षहरुलाई सहभागिता हुने गरी योजनाको लेखाजोखा गरेको छ ।

| क्र.सं. | लेखाजोखाको पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा हभागिता (Leadership and participation) | योजना निर्माणमा एकडारा गाउँपालिकाले नेतृत्व लिइएको थियो र शिक्षाका सरोकारवालाहरुको योजनाको हरेक चरणमा सहभागिता गराएको । गाउँ शिक्षा समितिकै नेतृत्वमा गाउँ शिक्षा योजना तयार परिएको छ। |
| २ | प्रयाप्त तथा सान्दर्भिकता (adequacy and relevance ) | योजनामा समावेश गरिएको रणनिति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतिलाई सम्बोधन गर्ने खालका छन । योजना बनाउन भन्दा अगाडी ESP Toolkit मा सम्पुर्ण सुचनाहरु भरेको सोही औजार (tools) ले प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारण गरिएको छ । |
| ३ | समता, सक्षमता तथा गुणस्तर ( Equity, efficiency and quality) | Toolkits आधारित प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारण गरिएको छ, जसले सबै तह, वर्ग, अवस्था महिला पुरुषको मुद्धहरुलाई सम्बोधन गर्न कार्यक्रम समाबेश गरिएको छ। |
| ४ | अन्तर सम्बन्ध (coherence) | शिक्षा योजनाले पालिका भित्र निर्माण भएका योजना जस्तै कृषि, स्वास्थ्य, पुर्वाधार, पोषण आदिसंग तादम्त्य मिलाएको छ साथै यसले विद्यालय सुधार योजना, शिक्षक सुधार योजनासंग पनि अन्तर सम्बन्ध मिलाइएको छ । योजनाले राष्टिय शिक्षा निति तथा विधालय शिक्षा क्षेत्र योजनासंग पनि अन्तर सम्बन्ध विकास गर्नुको साथै योजनामा समाबेश भएका विभिन्न उपक्षेत्र तथा विषयबीच अन्तर सम्बन्ध कायम गरेको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भीकता | योजनमा समाबेश भएका विभिन्न उपक्षेत्र तथा विषय बीच अन्तर सम्बन्ध कायम गरेको छ। साथै लाक्षित बर्गलाई प्रत्यक्ष लाभ पुग्ने किसिमले कार्यक्रम र रणनितिहरुको निर्माण गरिएको छ । |
| ६ | स्रोतको प्रवन्ध | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि स्रोतको आधारमा निर्धारण गरिएको छ र |
| ७ | संस्थागत क्षमता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरुलाई निश्चित समयावधि प्रभावकारी कार्यान्वयनको लागि मानवीय स्रोतको क्षमता अभिबृद्धिका जस्तै तालिम, अन्तरकृया आदि जस्ता कार्यक्रमहरु समाबेश गरिएको छ । |

| | | |
|---|---|---|
| ८ | कार्यान्वय तत्परता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि तथा स्रोतको आधारमा निर्धारण योजनाको लागि आवश्यक चरणहरु पुरा गरेको छ र सबैको साझा प्रतिवद्धता प्राप्त भएको छ । |
| ९ | तथ्यांक विशलेषण तथा प्रक्षेपण | मानव स्रोत तथा शिक्षा विकास केन्द्र (CHERD) ले तयार गरेको Toolkit लाई आधार बनाई तथ्यांक संकलन गरेको तथा त्यहि Toolkit ले गरेको तथ्यांक विश्लेषणको आधारमा कार्यक्रम तथा रणनितिहरु तय गरिएको छ । |
| १० | अनुगमन र प्रतिवेदन | योजना कार्यान्वयन गर्ने मुल्यांन गर्ने तथा त्यसको अद्यावधिक गर्ने कार्य कार्यदललाई दिएको छ साथै पालिका प्रमुख, उपप्रमुख तथा प्रमख प्रशासकिय अधिकृत र अन्य शाखाका प्रमुखहरु तथा सहयोग संस्था समिलित संयुत्त अनुगमन ( Joint Monitoring) समिती गर्ने ब्यवस्था योजनामा गरिएको छ । |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई  संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभुत र विशिष्ट प्रकारका मौलिक हकहरू र  प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (Aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको  छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोहौं योजना २०८१/८२–२०८५/८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले गत २०८०/८१ देखि १० बर्षे विद्यालय क्षेत्र योजना (SESP) सन् २०२२/२३–२०३१/३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिपेक्षहरूमा टेक्दै यस स्थानीय सरकार संचालन ऐनले संबैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्षरूपमा पुरा गर्न आफ्नो पालिकातहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी ज्ञान. विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई

सान्दर्भिकरणसहित आत्मसात गर्न र सृजनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र बेला बखत आइपरेका बिभिन्न प्राकृतिक बिपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप, महामारी तथा आपत विपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिकातहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी एकडारा गाउँपालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३३ सम्मका लागि शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ ।

योजनाको यस पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्खिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ एकडारा गाउँपालिकाको समग्र परिचय

नेपालमा २०५२ देखि २०६२/६३ सम्म चलेको द्वन्द्व पश्चात वि.सं.२०७२ को संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान (२०७२) जारी भई संघ, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन २०७४ सँगै एकडारा गाउँपालिकामा पनि निर्वाचित स्थानीय सरकार गठन भएको हो। यो पालिकाले यस अवधिमा शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा केही प्रगति हासिल गरेको छ। यस गाउँपालिकामा जम्मा ६ वटा वडाहरु रहेका छन । साबिकका एकडारा बेला, कोल्हुवा बगेया, भटौलिया र हलखोरी गाविसहरु मिलेर यो गाउँपालिका बनेको छ ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक अवस्था

एकडारा गाउँपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने जातिहरु यादव, कलवार, तेली, कानु, धानुक, ब्रम्हण, भुमिहार, मुस्लिम आदि हुन । यहाँ मैथली मातृभाषा भएको समुदाय रहेको छ । यो स्थानीय तहमा हिन्दू, र मुस्लिम धर्मावलम्बीहरु बसोबास गर्छन भने उनीहरुले दशैं, तिहार, छठपर्व, माघेसंक्रान्ति र फागुपुर्णिमा, जनै पूर्णिमा, तीज, पञ्चमी, जस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ । अनेकताबीच एकता कायम भएको छ । त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह(अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ ।

### १.२.२ आर्थिक सामाजिक सन्दर्भ

#### आर्थिक अवस्था

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्‍याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन एकडारा गाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका बासिन्दा मुख्य गरी कृषिमा निर्भर छन । यहाँ धान, गहु, सरसो, तरकारी खेती हुने गर्छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ। यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड १९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ । यस गाँउपालिकाका बासिन्दाहरूका आर्थिक स्तर उकास्न एकीकृत कार्यक्रम सञ्चालन गर्न अवश्यक छ ।

### १.२.३ भौगोलिक तथा जनसाङ्खिक स्वरूप

यो गाउँपालिकाको कुल क्षेत्रफल २४ बर्ग कि.मि.रहेको छ भने कुल जनसंख्या ३१,७७० (वि.स.२०७८) रहेको छ जसमा पुरुष जनसंख्या ५०.१ प्रतिशत र महिला ४९.९ प्रतिशत रहेको छ ।

यो पालिकाको सिमाना उत्तरमा मनरा शिस्वा नगरपालिका, दक्षिणमा जलेश्वर नगरपालिका, पूर्वमा महोत्तरी गाउँपालिका र पश्चिममा मनरा शिस्वा नगरपालिका रहेको छ । यसलाई प्रशासनिक रुपमा ६ वटा वडाहरुमा विभाजन गरीएको छ । यहाँको भू-स्वरुप समथर तराई अन्तरगत पर्दछ । यो स्थानिय तह २६° ७०' अक्षांश र ८५° ७५' देशान्तरमा रहेको छ ।

एकडारा गाउँपालिकाको कूल जनसंख्या ३१,७७० जना रहेको छ जसमा पुरुषको १५,९१० जना र महिला १५,८६० जना रहेका छन । यहाँको लैङ्गिक अनुपात १००.३२ रहेको छ । वडागत जनसंख्या निम्न अनुसार रहेको छ ।

| क्र.सं. | नयाँ वडा | साविक वडा नं | समावेश गाविस | जनसंख्या २०६८ | जनसंख्या २०७८ |
|---|---|---|---|---|---|
| १ | १ | १,२,३,४,६ | एकडारा | ५०६९ | ४७०३ |
| २ | २ | ५,७,८,९ | एकडारा | ५२४१ | ५३९१ |
| ३ | ३ | १ देखि ९ | भटौलिया | ४६२६ | ५०२० |
| ४ | ४ | १ देखि ९ | हलखोरी | ६०३३ | ७२६० |
| ५ | ५ | १,२, ३, ४, ९ | कोल्हुवा बगेया | ४३२५ | ४८३१ |
| ६ | ६ | ५, ६, ७, ८ | कोल्हुवा बगेया | ४०२१ | ४५६५ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८*

**प्रमुख जातजातीहरू**

| जातजाती | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| मुस्लिम | ६६३३ | २०.९ |
| यादव | ६२०३ | १९.५ |
| धानुक | ४३१४ | १३.६ |
| नुनिया | १५५७ | ४.९ |
| तेली | १४०५ | ४.४ |
| भूमिहार | १२०५ | ३.८ |
| चमार/हरिजन/राम | ८७६ | २.८ |
| पासवान | ८३६ | २.६ |
| सुडी | ८३५ | २.६ |
| तत्मा | ८१३ | २.६ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

**भाषागत जनसंख्या**

| भाषा | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| मैथिली | २७३४७ | ८६.१ |
| उर्दु | २५८१ | ८.१ |
| बजिका | १४८५ | ४.७ |
| अन्य | ३५० | १.१ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

**प्रमुख धर्मावली अनुसारको जनसंख्या**

| भाषा | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| हिन्दु | २५०६० | ७८.९ |
| इस्लाम | ६७०६ | २१.१ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

**२०७८ मा कुल जनसंख्या - महिला र पुरुष**

| वार्ड | जम्मा जनसङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरूष | जम्मा |
| १ | २४५२ | २२५१ | ४७०३ |
| २ | २६६८ | २७२३ | ५३९१ |
| ३ | २५०८ | २५१२ | ५०२० |
| ४ | ३५२९ | ३७३१ | ७२६० |
| ५ | २४५० | २३८१ | ४८३१ |
| ६ | २२५३ | २३१२ | ४५६५ |
| **जम्मा** | **१५८६०** | **१५९१०** | **३१७७०** |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## १.२ एकडारा गाउँपालिकाको शैक्षिक अवस्था


नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन्। यसै गरी एकडारा गाउँपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन्। यस खण्डमा एकडारा गाउँपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ।

### १.२.१ नीतिगत प्रबन्ध

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ । उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ ले प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकार र कार्यहरु प्रदान गरे अनुरुप एकडारा गाउँपालिकाले गाउँ शिक्षा नियमावली निर्माण लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

### १.२.२ शिक्षाको संरचनाः

**Educational Structure in Nepal**



नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् ।

### १.२.३ विद्यालय सङ्ख्या

| विद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा इकाई | CLC | अन्य | इकाईगत सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ECED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ | | | | १-५ | ६-८ | ९-१० | ११-१२ |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत सङ्ख्या | २६ | २ | १ | ३ | ० | ५ | ३ | ४ | ३ | १ | २ | ० | २ | २६ | १५ | २६ | ५ | २ | ५ | २६ | ० | ० | ११ | १० | ३ | २ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | १४ | ० | ० | २ | ० | २ | ० | १ | ३ | १ | १ | ० | २ | १२ | ८ | १२ | ४ | २ | ४ | १२ | ० | ० | ४ | ४ | २ | २ |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ० |
| सामुदयिक बिशेष बिद्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | १ | १ | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ३ | १ | ३ | ० | ० | ० | ३ | ० | ० | २ | १ | ० | ० |
| घुम्ती बिद्यालयहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आवासिय सुबिधा सहितका बिद्यालयहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | १ |
| नमूना बिद्यालय कार्यक्रम सहितका बिद्यालयहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका बिद्यालयहरु (सबै प्रकारका) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालयहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| खुल्ला बिद्यालय सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० |
| अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

### १.२.३.१ बिद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

| बिद्यार्थी बिबरण | आधारभूत तह (१-५) | | | आधारभूत तह (६-८) | | | माध्यमिक तह (९-१०) | | | माध्यमिक तह (११-१२) | | | आधारभूत तह (१-८) | | | माध्यमिक तह (९-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ३०४९ | २७३९ | ५७८८ | ११४४ | १०४८ | २१९२ | ४६९ | ३६४ | ८३३ | ११७ | ८६ | २०३ | ४१९३ | ३७८७ | ७९८० | ५८६ | ४५० | १०३६ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | १८३१ | १६२२ | ३४५३ | १०७९ | ९२७ | २००६ | ४५६ | ३४२ | ७९८ | ११७ | ८६ | २०३ | २९१० | २५४९ | ५४५९ | ५७३ | ४२८ | १००१ |

*स्रोतः शिक्षा शाखा / इमिस*

### १.२.४ बिद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

**क) कक्षागत र तहगत जम्मा विद्यार्थी**

| बिद्यार्थी बिबरण | ECED | | | G1 | | | G2 | | | G3 | | | G4 | | | G5 | | | G6 | | | G7 | | | G8 | | | G9 | | | G10 | | | G11 | | | G12 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ५८५ | ८११ | १३९६ | ६२१ | ७९३ | १४१४ | ५०२ | ४८४ | ९८६ | ५०६ | ५९८ | ११०४ | ४७६ | ४६८ | ९४४ | ९४४ | ३९६ | १३४० | ४८७ | ३८८ | ८७५ | ३८० | ३५५ | ७३५ | २७७ | ३०५ | ५८२ | २८२ | १९३ | ४७५ | १८७ | १७१ | ३५८ | ९३ | ६९ | १६२ | २४ | १७ | ४१ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | २८१ | ३०२ | ५८३ | ३७५ | ३९५ | ७७० | ३७७ | २८९ | ६६६ | ३९४ | ३५२ | ७४६ | ३५९ | २७९ | ६३८ | ३२६ | ३०७ | ६३३ | ४४४ | ३१० | ७५४ | ३६२ | ३२० | ६८२ | २७३ | २९७ | ५७० | २७२ | १८४ | ४५६ | १८४ | १५८ | ३४२ | ९३ | ६३ | १५६ | २४ | १७ | ४१ |

स्रोतः शिक्षा शाखा / इमिस

**ख) कक्षागत र तहगत दलित, जनजाती, बिशेष जातजाती (२२ जनजाती र पालिकाबाट पहिचाहन भएका अन्य जातजाती), बिशेषत क्षमता भएका (बिभिन्न अपाङ्गता भएका) जम्मा विद्यार्थी**

| बिद्यार्थी बिबरण | आधारभूत तह (१-५) | | | आधारभूत तह (६-८) | | | माध्यमिक तह (९-१०) | | | माध्यमिक तह (११-१२) | | | आधारभूत तह (१-८) | | | माध्यमिक तह (९-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | ३१८ | ३३१ | ६४९ | १४८ | १५९ | ३०७ | ८८ | ५० | १३८ | १० | ९ | १९ | ४६६ | ४९० | ९५६ | ९८ | ५९ | १५७ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | २४४ | २०१ | ४४५ | १३७ | १४१ | २७८ | ८४ | ४९ | १३३ | १० | ९ | १९ | ३८१ | ३४२ | ७२३ | ९४ | ५८ | १५२ |

**ग) समुदायिक बिद्यालयमा कक्षा गत र तहगत जम्मा विद्यार्थी**

| बिद्यार्थी बिबरण | आधारभूत तह (१-५) | | | आधारभूत तह (६-८) | | | माध्यमिक तह (९-१०) | | | माध्यमिक तह (११-१२) | | | आधारभूत तह (१-८) | | | माध्यमिक तह (९-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | १८३१ | १६२२ | ३४५३ | १०७९ | ९२७ | २००६ | ४५६ | ३४२ | ७९८ | ११७ | ८६ | २०३ | २९१० | २५४९ | ५४५९ | ५७३ | ४२८ | १००१ |

### १.२.५ बिद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरुको अवस्था र प्रबित्ति विश्लेषण

| सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR):- | २०८१/८२ |
|---|---|
| बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | ३१ |
| आधारभूततह (कक्षा १-५) | ४९ |
| आधारभूततह (कक्षा ६-८) | ११८ |
| माध्यमिकतह (कक्षा ९-१०) | ५७ |
| माध्यमिकतह (कक्षा ११-१२) | ६८ |

### १.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५ वर्षे (वि.सं. २०७३-२०७८) समयअवधि २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभ ूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभ ूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको

शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत् समावेशी गुरू योजना, सिकाइकालागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पार्‍यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महुसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

### १.३.१ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेम्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप

आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ठि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ ।

## १.४ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

एकडारा गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन ।

- प्रारम्भिक बालविकास केन्द्ररकक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुर्याउँनु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।
- बाल विकास केन्द्र क्रमशः स्थापना गर्दै जाने ।
- विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूलसमावेशी र समतामूलक , बनाउने ;
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने ;
- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने।

## १.५ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्ः

१. विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने।
२. शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको।
३. दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको।
४. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको।
५. शैक्षिक अभियन्ताहरुको अग्रसरता रहेको।

६. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको ।
७. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने ।
८. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको ।
९. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

## १.६ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तह सम्म पुर्याउन प्रतिफल दिने प्रकृयाहरूको समिश्रण नै योजना हो। योजना आफैमा निर्मित हुने होइन र यो एउटा जटिल र चुनौतिपूर्ण कार्य पनि हो। यस कार्यलाई ब्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रकृयाहरूलाई गम्भिरतापूर्वक अवलम्वन र अनुशरण गरिएको छ ।

- शिक्षा योजना तयारीको लागि १५ सदस्य कार्यदल गठन भएको ।
- शिक्षा योजना लेखन पूर्व सबै सरोकारवालाहरुसँग सुझाब तथा छलफल कार्यशाला सञ्चालन गरिएको ।
- बैठकले ४ सदस्य लेखन कार्यदल तयार गरेको ।
- कार्यदल र विज्ञको सहयोगमा शिक्षा योजनालाई चाहिने विद्यालय तथा पालिकाबाट शैक्षिक तथ्यांकहरु, दस्तावेजहरुको संकलन अध्ययन तथा विश्लेषण गरिएको ।
- विभिन्न सरोकारवालाहरुसँग छलफल तथा सुझाब संकलन गरिएको ।
- कार्यदल तथा विज्ञबाट योजनाको मस्यौदा तयार गरिएको ।
- तयार भएको मस्यौदा माथि सबै सरोकारवालासँग छलफल तथा सुझाब संकलन गरिएको ।
- तयार भएको मस्यौदालाई सबै सरोकारवालाहरुलाई पृष्ठपोषण प्रदान गर्न अवसर प्रदान गरिएको ।
- शिक्षा योजनालाई विज्ञबाट अन्तिम मस्यौदा तयार गरिएको ।
- तयार भएको मस्यौदालाई कार्यपालिकाको बैठक बाट प्रमाणित गरिएको ।

साथै यो योजना तय गर्दा मुख्य रुपमा संघीय तथा सरकारका नीति कार्यक्रम योजनाको साथै अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रले प्रतिबद्धता गरेका कुरालाई समेत मुख्य आधार बनाइएको छ । साथै पालिकाले तय गरेको दूरदृष्टि, लक्ष्य र उद्देश्यको आधारमा यो योजना निर्माण गरिएको छ। यो शिक्षा योजना तयार गर्न पिपुल प्रोमोट सेन्टर (पि.पि.सि.)ले आर्थिक तथा प्राविधिक सहयोग गर्नु भएको थियो ।

# परिच्छेद दुई

# दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

## २.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नेपालको विद्यालय शिक्षाको आगामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०९० (सन् २०३४) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू ( Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

## २.२ दीर्घकालीन सोच (Vision)

"गुणस्तरीय, समावेशी, व्यवसायिक तथा जीवनोपयोगी शिक्षामा सबैको पहुँच पुऱ्याउने, सिर्जनशील र उत्तरदायी नागरिक उत्पादन गर्ने शिक्षित एकडारा गाउँपालिका निर्माण"

## २.३ ध्येय (Mission)

समावेशी, गुणस्तरीय र सान्दर्भिक शिक्षासहित व्यवसायिक र जीवनोपयोगी सीपद्वारा सबै नागरिकलाई आत्मनिर्भर र जिम्मेवार बनाउन योगदान गर्ने ।

## २.४ उद्देश्यहरू (Objectives)

२.४.१ सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु।

२.४.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु।

२.४.३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।

२.४.४ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु।

२.४.५ विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु।

२.४.६ विद्यालयलाई भय, विभेद र दुव्र्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु।

२.४.७ आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

२.४.८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

२.४.९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु।

## २.५ रणनीतिहरू ( Strategies)

२.५.१ सबै बालबालिकाहरुको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुर्याउन गाउँपालिका, वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्शाङ्कनको आधारमा सुलभ दूरीमा विद्यालय व्यवस्थापन गर्ने।

२.५.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।

२.५.३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरुमा जोड दिने।

२.५.४ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।

२.५.५ विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

२.५.६ स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने।

२.५.७ विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।

२.५.८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने।

२.५.९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।

२.५.१०. शिक्षकका लागि पुनरताजगी तालिम, ल्यापटप वित्तरण, कम्प्यूटर सीप विकास तथा थप प्रोत्साहण सम्बन्धी कार्यक्रमहरु ल्याउने ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०३४) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुने।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने।

४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू,स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने।

६. प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने।

९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने।

१०. आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने।

११. हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने।

१२. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने।

१३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

१४. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुने।

## २.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छः

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ८०.३ | ८३.४ | ९०.२ | ९९.० | EMIS | Toolkit |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.2 | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ५५.६ | ६५.६ | ७३.० | ८५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.0 | | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९८.७ | ९९.० | ९९.५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.9 | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १४५.८ | १२८.३ | ११७.२ | १०७.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९१.० | ९४.५ | ९७.५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १२२.४ | ११४.३ | १०६.२ | १०५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ३९.५ | ६०.५ | ७०.५ | ८५.५ | ९९.० | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | २९.५ | ४०.६ | ६५.३ | ७८.३ | ९९ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.७ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २१.८ | २०.० | १५.० | १०.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.०५ | १.०३ | १.०२ | १.०१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | १००.५ | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.१० | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११२.५ | १०७ | १०६ | १०५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.११ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | २२.१ | ४०.३ | ६०.५ | ८०.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१२ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | १७.५ | २८.७ | ५०.९ | ७०.३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१३ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.०५ | १.०३ | | १.०१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | २०.२ | ३०.५ | ५०.३ | ६०.२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ३५.३ | ४८.२ | ६०.४ | ८०.६ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.३८ | १.२३ | १.०१ | १.०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत | स्थानीय | ८१.२ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | १४.९ | २३ | ३० | ४० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | ७.१ | २० | २६ | ३५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | | |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ४२.२ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ५८.२ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ८२.४ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | | |
| **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| **५.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | |
| ६.१ | आधारभूत तह | स्थानीय | ४९:१ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ११८:१ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ५७:१ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ६८:१ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| **६.** | **शिक्षामा लगानी** | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित | स्थानीय | १८.९९ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |

| | बजेट*(%) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## परिचय

यस शिक्षा क्षेत्रको योजना सन् २०२४-२०३३ का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षका अर्थार्तात् सन् २०२४- २०२८ लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ। तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरूः बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन जस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षा कै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा

गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर एकडारा गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.१ वर्तमान अवस्था

एकडारा गाउँपालिकामा हाल १९ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। यी बालविकास केन्द्रहरुमा जम्मा १९ जना सहजकर्ता सेवारत छन् । ४ वर्ष उमेरको कूल जनसंख्या ८१३ रहेको यस पालिकामा ५८३ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन ।प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर ८०.३० प्रतिशत रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ५५.६ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ०.८५ प्रतिशत रहेको छ ।यस गाउँपालिकामा प्रारम्भिक बालविकास ३१ वटा रहरको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरुमध्ये १०० प्रतिशत महिला रहेका छन । जसमध्ये एस.एल.सी. योग्यता भएका ६ जना, प्रवीणता प्रमाणपत्र तह योग्यता भएका ११ जना र सो भन्दा माथिल्लो योग्यता भएका २ जना सहजकर्ता कार्यरत छन्। यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम शैक्षिक योग्यता पूरा भएको देखिन्छ ।
भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन (२०७५) अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम मापदण्ड नपुगेको देखिन्छ।साथै बसाई व्यवस्थापन, सिकाई कुनाको व्यवस्थापन, (ELDS) Early Learning and Development Standards report card प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको व्यवस्थापन Extra Caregiver Program (Below-4) । प्रायः बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कोतिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन।

प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरु :

१.सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा गर्ने।

२.तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउने।

३.सहजकर्ताहरुको पारश्रिमिक वृद्धि, वृत्ति विकास र क्षमता विकास गर्ने।
४. वाल विकास केन्द्रको स्थापना गर्ने ।
५. वाल विकास सहजकर्तालाई आवश्यक तालिम प्रदान गर्ने ।
६. प्रारम्भिक बालविकास र शिक्षामा लगानी र स्रोतको व्यवस्थापन गर्ने ।
६. संचालित वालविकास कक्षामा बसाइ व्यवस्थापन नभएको ।
७. संचालित वालविकास कक्षामा सिकाइ कुनाको व्यवस्थापन नभएको ।
८. संचालित वालविकास कक्षामा ELDS रिपोर्ट कार्डको व्यवस्थापन नभएको ।
९. संचालित वालविकास कक्षामा Extracare giver को व्यवस्थापन नभएको ।
१०. संचालित वालविकास कक्षामा Childcare program (below 4) संचालन नभएको ।

### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१.चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु।
२.प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु।
३.बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।
४. बाल विकासको स्थापना गर्ने ।
५. बाल विकास सहजकर्तालाई आवश्यक तालिम प्रदान गर्ने ।
संचालित वालविकास कक्षामा बसाइ व्यवस्थापन गर्ने ।
७. संचालित वालविकास कक्षामा सिकाइ कुनाको व्यवस्थापन गर्ने ।
८. संचालित वालविकास कक्षामा ELDS रिपोर्ट कार्डको व्यवस्थापन गर्ने ।
९. संचालित वालविकास कक्षामा Extracare giver को व्यवस्थापन गर्ने ।
१०. संचालित वालविकास कक्षामा Childcare program (below 4) संचालन गर्ने ।
११. जोखिम मूल्याङ्कनको आधारमा घर देखि बिद्यालयसम्मको सुरक्षित बाटो व्यवस्थापन गर्ने ।
१२. जोखिम मूल्याङ्कनको आधारमा संचालित वालविकास कक्षाको सुरक्षित व्यवस्थापन गर्ने ।
१३. वालविकास कक्षामा भर्ना गर्दा अपाङ्गता पहिचान तथा भर्ना भएका विद्यार्थीको समय-समयमा स्वास्थ्य परिक्षण गर्ने ।
१४. लैङ्गिक समानताका लागि अभिभावक शिक्षा र निःशुल्क सिकाइ सामग्रीको व्यवस्था गर्ने।
१५. अपाङ्गता भएका बालबालिकाका लागि अभिभावक शिक्षा, तालिम र कक्षाकोठा समायोजनको योजना बनाउने।

### ३.१.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ :

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका (२०६७) पहिलो संशोधन (२०७५)अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

२. माग र  आवश्यकताका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइने छ।
३. प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारेको व्यवस्थाका लागि क्रमश कार्यक्रम ल्याइनेछ।
४. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ।
५. गर्भवती र नवजात शिशु पोषणका बारेमा ध्यान दिन प्रत्येक बर्ष २ पटक अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
६. प्रारम्भिक बालविकास र शिक्षामा लगानी र स्रोतको व्यवस्थापन गरिने ।
७. शिक्षा अभिभावक कार्यक्रम गरिने।
८. लैङ्गिक समानता र अपाङ्गता समावेशीकरण लागु गरिने छ ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

प्रमुख उपलब्धि

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुने।

**प्रमुख नतिजाहरू**

१. प्रारम्भिक बालविकास केन्द्रहरु "प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार मापदण्ड पूरा भएका हुनेछन् ।
२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ।
३. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरु मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त हुनेछन् ।
४. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास (घुम्ती बालविकास) केन्द्र विस्तार गरिएको हुनेछ।
५. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ।
६. प्रारम्भिक बालविकास र शिक्षामा लगानी र स्रोतको व्यवस्थापन हुने ।
७. ७. शिक्षा अभिभावक कार्यक्रमवाट जिम्मेवार हुने ।
८.

### ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.म. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ( ५ बर्ष) | | | | | भौतिक लक्ष्य (५ वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रारम्भिक बालविकास सम्बन्धि न्युनतम मापदण्ड निर्देशिका २०७६ पहिलो संसोधन २०७५ अनुसार मापदण्ड पुरा | पटक | | ३ | ३ | ३ | ३ | १७ | गाउँपालिका |
| २ | घुम्ती बालविकास केन्द्र विस्तार | पटक | | | २ | | | ४ | गाउँपालिका |
| ३ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित ३० दिने तालिम | पटक | | २ | २ | २ | २ | ८ | गाउँपालिका |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शांकन र पुनर्वितरण | पटक | | ६ | १२ | ६ | ११ | ३५ | गाउँपालिका |
| ५ | प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारेको व्यवस्थापन | संख्या | | ६ | | ६ | ११ | ३५ | गाउँपालिका |
| ६ | बालविकासको अभिलेखिकारण | प्रतेक वर्ष | | १ | १ | १ | १ | १० | गाउँपालिका |
| ७ | गर्भवती र नवजात शिशु पोषणमा अभिभावक सचेतना कार्यक्रम संचालन | पटक | | १ | १ | १ | १ | ४ | गाउँपालिका |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्थापन | संख्या | १८ | २४ | ३० | २४ | २९ | १२५ | गाउँपालिका |
| ९ | बालविकास केन्द्रमा पोषण कर्नर स्थापना | संख्या | १८ | २४ | ३० | २४ | २९ | १२५ | गाउँपालिका |
| १० | शिक्षाको योग्यता र क्षमता विकास गर्दै शिक्षक वृत्ति विकासको अवसर मिलाउने | संख्या | ५ | ७ | १० | १५ | २० | ३० | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सिकाई क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिइ आवश्कता अनुसार स्थिनिय भाषाको प्रयोग | संख्या | | | | | | | सबैमा लागु हुनेछ |
| १२ | शिक्षाको पेशागत विकाशका कार्यक्रम | संख्या | ५ | ५ | १० | १० | १५ | ३० | गाउँपालिका |
| १३ | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरुको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | पटक | | १ | | | १ | ३ | गाउँपालिका |
| १४ | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |

## ३.२ आधारभूत शिक्षा

### परिचय

शिक्षा ऐन, २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा हो । विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षको पुन संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । साथै नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३१ शिक्षा सम्बन्धि हकको ३१ (१) बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ, ३१ को (२) बमोजिम प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहको शिक्षा अनिवार्य हुनेछ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ खण्ड (ज) मा आधारभूत र माध्यमिक शिक्षा व्यवस्थापनमा स्थानीय सरकारको भूमिका उल्लेख गरेको पाईन्छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मददत गर्ने र व्यक्तिकव जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउने सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढनमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विदयार्थीहरुले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाडने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रुपमा व्यवस्थित गर गुणस्तरीय बनाउनका लागि एकडारा गाउँपालिकाले आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच गुणस्तर तथा समता र वयवस्थापकीय

प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरु पहिचान गरि अगामी दश वर्षका लागि आधारभूत शिक्षा उददेश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरु तथा लक्ष्य उल्लेख गरिएको छ

### ३.२.१ वर्तमान अवस्था

यस एकडारा गाउँपालिका भित्र सामुदायिक विद्यालय तर्फ कक्षा १-५ संचालित ११ कक्षा १-८ संचालित १० विद्यालयहरु गरि २१ रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित आएका बालवालिकाको खुद भर्ना दर ६६.२ प्रतिशत र सहजै देखिने भर्ना दर ८०.३ रहेको छ ।कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर ९८.७० प्रतिशत रहेको छ।आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर १४६ प्रतिशत रहेको छ।आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर ११४.५० प्रतिशत रहेको छ।आधारभूत ता (कक्षा ५) सम्मको टिकाउ दर ४१.५० प्रतिशत रहेको छ।आधारभूत तह (कक्षा ५ ) पुरा गर्ने दर २९.५ प्रतिशत रहेको छ।कक्षा ८ सम्म टिकाउ दर २२.१ प्रतिशत रहेको छ । आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर १००.५ प्रतिशत रहेको छ ।कक्षा १ मा भर्ना भइ कक्षा ८ पुरा गर्ने दर १७.५ प्रतिशत रहेको छ । आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालय तर्फ कक्षा १ देखि ५ मा ५३.१ प्रतिशत छात्रा र ४६.१ प्रतिशत छात्र, कक्षा ६ देखि ८ मा ५३.८ छात्रा र ४६.२ प्रतिशत छात्रहरु भएको अवस्था छ । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ । शिक्षक विद्यार्थीको अनुपात कक्षा १ देखि ५ मा १:४९ प्रतिशत र कक्षा ६ देखि ८ मा १:११८ रहेको अवस्थामा विद्यालयमा रहेको पुरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी संख्याका आधारमा दरवन्दीमा रहेको तथा शिक्षण सिकाई पद्दतिमा बहु कक्षा शिक्षणको अधिक विद्यालयमा अभ्यास भईरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरवन्दीको पुर्नवितरणन तथा दरवन्दि मिलान गर्नु आवश्यक रहेको छ । कक्षा ६ देखि ८ मा खुद भर्ना दर ७८.८ प्रतिशत रहेको छ।आधारभूत तह कक्षा १ देखि ८ मा पुनःउहि कक्षा दोहर्याउने दर ५ प्रतिशत कक्षा छाडने दर १८.५३ रहेको छ ।

### आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरु

- विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी कम हुनु
- शिक्षा नियमावली अनुसार प्रधानाध्यापकहरुको व्यवस्थापन नहुनु ।
- कक्ष ६-८ मा खुद भर्ना दर ७८.८ प्रतिशत मात्र हुनु ।
- कक्षा १ देखि ८ सम्म पुनः उहि कक्षा दोहोर्याउने संख्या ५ प्रतिशत हुनु
- कक्षा छाडने दर १८.५३ प्रतिशत हुनु ।
- शिक्षक संख्या कम हुनु ।
- विद्यार्थीको सिकाइ उपलब्धि सन्तोष जनक नहुनु ।
- प्र.अ. व्यवस्थापनमा समस्या हुनु ।

- मौसम अनुसारको कक्षा कोठाको व्यवस्थापन नहुनु ।
- विद्यालयस्तरमा अनावश्यक राजनैतिक हस्तक्षेप र दबाब सृजना हुनु ।
- विद्यालयको प्रशासनिक,भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङमैत्री र बालमैत्री बनाउनु नसकनु ।
- न्यूनतम् सिकाई सबलीकरण मापदण्ड (Minimum Enabling Conditions (प्रयाप्त बस्ने ठाउँ, Ventilated कक्षाकोठा,महिला-पुरुषलाई पुग्ने छुट्टा-छुट्टै शौचालयको व्यवस्था, सम्पूर्ण बिद्यार्थीलाईपाठ्य पुष्तकको उपलब्धता।)पूरा गरेका आधारभूत तहका विद्यालयहरुको संख्या ४ मात्र हुनु ।

### ३.२.२ उद्देश्य

एकडारा गाउँपालिकाका आधारभूत शिक्षा सँग सम्बन्धित निम्न बमोजिमका उद्देश्यहरु रहेकाछन् ।

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गर्नु ।
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
३. सबै बालबालिकाहरूमा सन्तोषजनक सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु ।
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु ।

### ३.२.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि एकडारापालिकाले अपनाउने रणनीतिहरु निम्न बमोजिम रहेका छन् ।*

१. विद्यालय नक्साङ्कन, पुर्नवितरण तथा समायोजन गर्ने ।
२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
३. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ।
४. प्रारम्भिक कक्षाहरूमा पठन तथा गणितीय सीप प्रबर्द्धन गर्ने ।
५. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।
६. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।
७. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।
८. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
९. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने ।
१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।
११. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ।
१२. विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा

सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने ।

१३. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

१४. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने ।

१५. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने ।

१६. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।

१७. विद्यालयहरुमा बालउद्यान, वृक्षारोपण आदि जस्ताका ,करेसाबारी ,फूलबारी ,कार्यक्रमहरु समावेश गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**प्रमुख नतिजा**

- सबै बालबालिकाको आधारभूत शिक्षाको पहुँचमा तथा सहभागि हुने ।
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने ।
- विविध प्रकोप, संकट तथा महामारीलगायतका परिस्थिति उत्थानशील हुने ।
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने
- शिक्षकहरुले शिक्षणमा बिताउने समयावधिमा सुधार हुने
- विद्यालयमा पौष्टिक तथा स्वस्थ दिवा खाजाको प्रबन्धबाट बालवालिकाहरुको पोषण तथा स्वास्व्य अवस्थामा सुधार हुने ।

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा निम्न बमोजिम रहेका छन्*

| *विवरण* | ८१/८२ | ८२/८३ |
|---|---|---|
| आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (NER) | 78.8 | 82.2 |
| आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | 122.4 | 121.7 |
| आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | 100.5 | 102.6 |
| आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | 1.2 | 1.2 |
| आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | 1.1 | 1.1 |
| आधारभूततह (कक्षा १-८) मा उमेरगत भर्ना दर | 116.9 | 117.4 |

| | | |
|---|---|---|
| आधारभूततहमा (कक्षा १-८) तोकिएको उमेरसमूह भन्दा कम/बढी उमेर स्मुहका बिद्यार्थीको प्रतिशत | 21.8 | 19.1 |
| आधारभूततह (कक्षा १-५) मा दलित बिध्यर्थिको प्रतिशत | 13.2 | 14.5 |
| आधारभूततह (कक्षा ६-८) मा दलित बिध्यर्थिको प्रतिशत | 15.1 | 17.0 |
| आधारभूततह (कक्षा १-८) मा दलित बिध्यर्थिको प्रतिशत | 13.7 | 15.2 |
| आधारभूततह १-५ बाट ६-८ मा संक्रमण दर | 67.2 | 78.4 |
| आधारभूततह बाट माध्यमिकतहमा संक्रमण दर | 81.2 | 81.4 |
| आधारभूततह (१-५) बाट आधारभूततह (१-८) मा संक्रमण | 672.2 | 823.4 |
| आधारभूततह (१-८) बाट माध्यमिकतहमा संक्रमण | 401.3 | 412.3 |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

*यस एकडारा पालिकाको कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य निम्न रहेको छ ।*

| क्रम | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५ ) | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विधालयमा नक्शांकन, पुनर्वितरण र संयोजन | पटक | | १ | | | १ | ३ | गाउँपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनरवलोकन | पटक | १ | १ | | १ | १ | ४ | गाउँपालिका |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विधालयमा भर्ना | प्रतिशत | ८५ | ९० | ९२ | ९३ | ९४ | १०० | गाउँपालिका |
| ४ | विधालयमा न्युनतम भौतिक पूर्वाधार विकास | संख्या | १ | २ | ३ | ३ | ३ | १८ | संघ र प्रदेश गाउँपालिका |
| ५ | प्रारम्भिक कक्षा १ देखि सम्म छापमय कक्षाकोठा निर्माण | विधालय | १ | ३ | ४ | ५ | ६ | १८ | गाउँपालिका |
| ६ | स्थानीय पाठ्क्रम २०७८ को कार्यन्वयन | कक्षा | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ७ | विधालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारी लगायतका परिस्थितिप्रति योजना तयार गरि | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यन्वयन | | | | | | | |
| ८ | सुचना तथा संचार प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | ५ | १० | १५ | २० | २५ | ३५ | संघ र प्रदेश गाउँपालिका |
| ९ | विधालय पोषण, स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ र प्रदेश गाउँपालिका |
| १० | अपांगता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ११ | निशुल्क शिक्षाको सुनिश्चिताक लागि विद्यर्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १२ | आर्थिक रुपमा विपन्नका लागि ड्रेस, विद्यर्थी स्टेशनरी इत्यादी वितरण | प्रतिशत | १० | १० | १० | १० | १० | १०० | गाउँपालिका |
| १३ | घुम्ती पुस्तकालय संचालन | प्रतिशत | | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |
| १४ | सिकाई सामाग्री व्यवस्थापन | विधालय | ५ | ५ | ५ | ५ | ५ | १८ | गाउँपालिका |

## ३.३ माध्यमिक शिक्षा

### परिचय

नेपालको संविधानले २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखेको छ र संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर

आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। एकडारा गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

एकडारा गाउँपालिका भित्र हाल कक्षा १-१० सञ्चालित ४, कक्षा १-१२ सञ्चालित २ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ६ वटा रहेको छ । जसमध्ये १ विद्यालयमा प्राविधिक धार अन्तर्गत इलेक्ट्रिकलको पठन पाठन शैक्षिक सत्र २०७२ बाट शुरुभएको छ। माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ३६.६ र कूल भर्नादर ६०.० रहेको छ।माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर ३५.३ प्रतिशत रहेको छ ।माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर २०.२ प्रतिशत रहेको छ । माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ५७.१४ प्रतिशत छात्रा र ४२.८६ प्रतिशत छात्र रहेका छन भने कक्षा ११-१२ मा ५९.६२ प्रतिशत छात्रा र ४०.३७ प्रतिशत छात्र रहेका छन् । माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्नादरमा लैङ्गिक समता सूचक १.३८ र कक्षा ९- १० मा शिक्षक विद्यार्थी अनुपात ५७ प्रतिशत रहेको छ।कक्षा १० को टिकाउ दर १५.९ प्रतिशत रहेको छ।यस पालिका भित्र माध्यमिक तह कक्षा ९-१२ मा स्नातक योग्यता भएका ४ र स्नातकोत्तर योग्यता भएका ११ जना शिक्षक कार्यरत छन जसमध्ये ७.१ प्रतिशत महिला शिक्षक रहेका छन ।कक्षा १० का बिद्यार्थीहरुको सिकाई उपलब्धि नेपालीमा ६३ प्रतिशत, अंग्रेजीमा ४९ प्रतिशत, गणितमा ५४ प्रतिशत र विज्ञानमा ३७ प्रतिशत रहेको छ ।

माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः

१. निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने।
२. माध्यमिक तहमा प्राविधिक तथा ब्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने।
३. विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने।
४. प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने।
५. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने।
६. शिक्षकको वृत्ति विकासलाई पारदर्शी,नतिजामा आधारित र अनुमान योग्य बनाई व्यवस्थित गर्ने।
७. विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने ्र
८. विषायगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने।
९. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्रव्यवस्थापन .अ. गर्ने।
१०. शिक्षक प्रोत्साहन गर्ने किसिमका कार्यक्रम संचालन गर्ने ।

११.  १ शिक्षक १ ल्यापटप वित्तरण कार्यक्रम यसै वर्ष प्रयोगमा ल्याउने ।

१२.  विद्यालयको भौतिक विकास गर्ने ।

१३.  शिक्षक विद्यार्थी अनुपात मिलाउने कार्य संचालन गर्ने ।

### ३.३.२ उद्देश्य

१.माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु।

२.विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री,समावेशी र सुरक्षित बनाउनु।

३.माध्यमिक शिक्षामा खुद भर्ना  तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोर्होयाउने दर घटाउने।

४.सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

### ३.३.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालय नक्शाङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा स्थापना गरीनेछ।

२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरीने छ।

३. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारमा थप २ क्षेत्र समेटिनेछ।

४. माध्यमिक आवासीय विद्यालय विस्तार गरीनेछ।

५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ।

६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्रव्यवस्थापन  .अ. गरीनेछ।

७. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।

८. एउटा सामुदायिक विद्यालयमा कक्षा १११२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण ) बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरीनेछ।

९. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण,समायोजन तथा थप गर्नेछ।

१०.  दुइ वटा विद्यालयलाई नमुना माध्यमिक विद्यालयको रुपमा स्तरोन्नति गरीनेछ।

११. कम्तिमा एउटा विद्यालयमा राष्ट्रिपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढदै कमाउदै कार्यक्रम संचालन गरिनेछ ।

### ३.३.४ प्रमुख उपलब्धि तथ नतिजा

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**ख) नतिजा**

१.निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोर्होयाउने दरमा कमी आउने।

२.सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने।

३.माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने।

४.माध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।

५.विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।

६.विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन हुने।

७.माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

### ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र. स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | १ | १ | १ | १० | गाउँपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | १ | १ | | १ | ४ | गाउँपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | आवश्यकता अनुसार स्कूल बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | संख्या | | | १ | | | १ | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, प्रतिशत स्थानीय तह सुधारको क्रियाकलाप अनुसार | पटक | | १ | १ | १ | १ | ५ | संघ/ प्रदेश/ गाउँपालिका |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | १ | १ | | १ | ३ | संघ/ प्रदेश/ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | गाउँपालिका |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | | १ | १ | १ | १ | ५ | संघ/ प्रदेश/ गाउँपालिका |
| ९ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम | प्रतिशत | | १० | १५ | १५ | १५ | १०० | संघ/ प्रदेश/ गाउँपालिका |
| १० | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | | २ | ३ | ४ | ४ | १५ | गाउँपालिका |
| ११ | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | १ | १ | १ | १ | १ | ६ | गाउँपालिका |
| १२ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |
| १४ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइ कोक्रोदेखि मृत्यु पर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन । समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरीमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवन पर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो।

### ३.४.१ वर्तमान अवस्था तथा चुनौती

यस पालिकामा विगतमा प्रौढ शिक्षा कार्यक्रम सञ्चालन भएको तथा उक्त कार्यक्रम पश्चात पालिका भरमा दुई वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा आएका छन् । जसले निरन्तर रुपमा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र निरन्तर शिक्षाका बारेमा काम गर्दै आएका छन् । हाल सम्म यस पालिकामा सामुदायिक सिकाई केन्द्र र अन्य साक्षरता सम्बन्धी कार्यक्रमहरुबाट २००० जना साक्षर भएका छन भने पूर्ण रुपमा निरक्षर ४१.७% रहेका छन्। सामान्य लेखपढ गर्न सक्ने जनसंख्या २२०० रहेको छ। एकडारा गाउँपालिकाको ५ बर्ष माथिको कूल साक्षरता ५८.२ प्रतिशत रहेको छ भने १५ देखि २४ बर्ष उमेर समुहको साक्षरता दर ८२.४ रहेको छ जसमा महिलाको साक्षरता दर कम रहेको छ ।

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छः

१.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित।

२.साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन।

३.मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण प्रवर्धन।

४.सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु।

५.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।

६.पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास

७.व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र,घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने।

८.सहजकर्ताको क्षमता विकास।

९. साक्षरता दर (५ वर्ष भन्दा माथी) (प्रतिशतमा) ५८.३ मात्र हुनु ।

१०. साक्षरता दर (१५ देखि २४ वर्ष उमेर समुह)(प्रतिशतमा) ८२.४ मात्र हुनु ।

११. साक्षरता दर (५ वर्ष भन्दा माथि) मा लैंगिक अनुपात ०.६:१ मात्र हुनु ।

१२. स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको संख्या २ वटा संचालनमा भएता पनि सम्पूर्ण वडालाई नसमेट्नु ।

१३. सामुदायिक सिकाइ केन्द्र द्वारा स्थानीय तह, प्रदेश सरकार वा अन्य विकास साझेदार संस्थासंगको सहकार्यमा वैकल्पिक शिक्षा तथा डिजिटल शिक्षा संचालनमा कमि हुनु ।

### ३.४.२ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१.साक्षर एकडाराको रूपमा विकास गर्नु।

२.साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्नु।

३.सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्ने।

### ३.४.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछः

१. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार,नागरिक समाज, टोल विकास, राजनैतिक दल सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ।

२. सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको अभिवृद्धि गरिनेछ।

३.मौलिक एवम परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरीनेछ।

४.स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।

५.विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने छ।

६.सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरि समावेशी एवम समतामा आधारित आजीवन सिकाइ थलो को रूपमा विकास गरिनेछ।

## ३.४.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१.सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।

**नतिजा**

१.साक्षर हतुवागढीको रुपमा विकास हुने।

२.लक्षित बर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने।

३.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।

४.सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने।

५.विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी अवधारणा पत्र तयार हुने।

६.स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने।

## ३.४.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | १ | १ | | १ | १ | २ | गाउँपालिका |
| २ | साक्षर गाउँपालिका | वडागत | | | २ | | २ | ८ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के. सञ्चालन र व्यवस्थापन | संख्या | | | १ | | १ | ५ | गाउँपालिका |
| ४ | सामुदायिक पुस्तकालय स्थापना | पुस्तकालय | | | १ | | | २ | गाउँपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | | १ | | १ | ५ | गाउँपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | | सा.सि.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | सा.सि.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | | १ | १ | १ | ५ | सा.सि.के. |
| ९ | परिचालकको क्षमता विकास | संख्या | | १ | | | १ | ५ | गाउँपालिका |

## ३.५ अन्य उपक्षेत्रहरू

स्थानीय तहरूले माथि उल्लेखित चार उपक्षेत्र बाहेक शिक्षाका अन्य उपक्षेत्रहरूलाई पनि आफ्नो शिक्षा योजनामा समेट्न सक्दछन् । उदाहरणका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका वा गर्न इच्छुक पालिकाले सोसम्बन्धी उपक्षेत्र थप गर्न सक्छन् । त्यसैगरी उच्च शिक्षा तथा जनशक्ति विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका वा गर्न इच्छुक पालिकाले सोसम्बन्धी उपक्षेत्र थप गर्न सक्छन् । यसो गर्दा माथिकै ढाँचामा सो उपक्षेत्र सम्बन्धी योजनाको विकास गर्न सकिन्छ ।

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

**परिचय**

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ। परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तर सम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षास विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चार लगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

यस परिच्छेदमा पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकास, शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तर सम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

**परिचय**

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो। मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ। जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो।

### ४.१.१ वर्तमान अवस्था

एकडारा गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम कक्षा १ देखि ३ सम्म एकिकृत पाठयक्रम लागुभएको छ । शैक्षिक सत्र २०७७ देखि कक्षा १ र २०७८ देखि कक्षा २ र ३ मा पनि एकिकृत पाठयक्रम लागुभएकोमा स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गराउन प्रमुख चुनौती रहेको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुर्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने र स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ । सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था हुनुपर्छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई  जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति आवश्यक रहेको छ।

आधारभत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली  मार्फत उदार कक्षोन्नति नीति भएपनि कार्यान्वयनमा आउन सकेको छैन । आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन निती रहेको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन निती रहेको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल््याङ्कन प्रणाली अपनाइएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्देश गरेको मुल्यांकन प्रणाली कार्यान्वयन गराउनु प्रमुख चुनौती रहेको छ । कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने गरेको छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

*पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः*

१. आधारभुत तहमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्देश गरेको मुल्यांकन प्रणाली कार्यान्वयन गराउनु, एकीकृत पाठ्यक्रम पूर्णरूपमा कार्यनवयनमा नरहेको ।

२.स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास र विद्यार्थीको नयाँ मूल्यांकन प्रक्रिया अवलम्बन नगरिएको ।

३.प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग।

४.स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई वातावरणीय दिगोपनका लागि बृक्षारोपन, वातावरण संरक्षणको रैथाने ज्ञान र सिपलाई समावेश गरि निर्माण नभएको।

५.सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग।

६.स्थानीय  पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता।

७..अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग।

८..स्थानीय  पाठ्यक्रम कार्यान्वयन।

### ४.१.२ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१.सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

२.स्थानीय पाठ्यक्रम मार्फत समृद्ध हतुवागढी निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।

३.सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निर
न्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

### ४.१.३ रणनीति

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछः

१.समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी स्थानीय पाठ्यक्रम बनाई सम्मृद्ध एकडारा निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ।
२.पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ।
३.स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।
७.विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।
८.प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइने छ।
९.अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।
१०.निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।
११.आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धि
१.विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने।

**नतिजा**

१.स्थानीय पाठ्यक्रम प्रारम्भिक बाल विकास देखि कक्षा ३ सम्म विकास तथा कार्यान्वयन हुने।

२.प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १(५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।

३.शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने।

४.शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।

५.स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।

६.प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने।

### ४.१.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | | | | | | | | |
| | स्थानीय पाठयक्रम निर्माण | | | १-३ | ४ | ५ | | ६-८ | |
| | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा | | | १-३ | | ४.५ | | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा | | | | १-३ | ४-५ | ६–८ | गाउँपालिका |
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा | | १-३ | ४ | ५ | ४-५ | ६-८ | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा | १-३ | | | १-४ | | ६-८ | गाउँपालिका |
| २ | विद्यार्थी मूल्याङ्कन | | | | | | | | |
| | नमुना साधन छपाई र वितरण | कक्षा | | १-७ | | | | | गाउँपालिका |
| | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा | १-३ | १-७ | १-७ | १-७ | १-७ | १-७ | विद्यालय |
| ३ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ५ | ६ | ७ | १० | १५ | ७० | संघ |

## ४.२ समावेशी कक्षा व्यवस्थापन

### परिचय

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छनट सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस एकडारा गाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.१ वर्तमान अवस्था

**शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ।

**शिक्षक तयारी**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैंव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ। शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्याप न अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ।

**शिक्षण सिकाइ क्रियाकलाप**

कुनै पनि विषयवस्तु विद्यार्थी समक्ष पुर्याउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ। कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तरिका वा विषयवस्तुको स्वरुपमा भर पर्दछ। शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ, जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस। शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ। बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् ।

**शिक्षक पेशागत सहयोग पद्धति**

नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापना सगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना ९१९८१( १९९१० र सो पश्चात नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेशागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश तिनको सङ्ख्या बिस्तार गरि १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो। महोत्तरी जिल्लामा पनि ९ वटा स्रोत केन्द्रहरु तोकिएका थिए । यसैगरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले संचालन गरेको राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम मार्फत सबै विद्यालयका प्रअ वा प्रा.वि.इन्चार्जलाई क्षमता विकास गरी कक्षा अवलोकन मार्फत शिक्षक पेशागत सहयोग सम्बन्धी कार्य हुदै आएको छ । यसैगरी

शिक्षक पेशागत सहयोग व्यवस्थापन कार्यविधि २०७७ बमोजिम एकडारा गाउँपालिकामा विषयविज्ञ समूह गठन भई अभिमुखिकरण समेत भईसकेको छ ।

### शिक्षक क्षमता विकास कार्यक्रम

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ। शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ, प्रमाणीकरण तालिम , पुनर्ताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि। पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए। शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो।

### शिक्षक उत्तरदायित्व

शिक्षण सिकाइ प्रक्रियामा शिक्षकको महत्वपूर्ण स्थान रहेको हुन्छ। शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो। असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ। शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ। शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ।

शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासकरप्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्य सम्पादन प्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति पनि उत्तरदायी हुनुपर्छ।

### शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक

विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

यस पालिकामा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा ४९, कक्षा ६-८ मा ११८ र कक्षा ९-१० मा ५७ रहेको छ। पालिकाले आधारभूत तह (कक्षा १-५) मा बढी वा घटी भएका शिक्षक दरबन्दीलाई आधारभूत तह कक्षा (६-८) मा समायोजन तथा दरबन्दी मिलान, दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७३ अनुसार गर्नु पर्ने अवस्था छैन ।

शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छनः

१.शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।

२.शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।

३.शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।

४.विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।

५.शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।

६.तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयमसेवक सूची प्रकाशन गर्नु।

### ४.२.२ उद्देश्य

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छनः

१.शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुर्याउनु।

२.शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।

३.सबै तहमा योग्य, दक्ष तथा क्षमतावान शिक्षकहरूको प्रबन्ध गर्नु।

४.पालिका अन्तर्गत स्वयम सेवक शिक्षकको छनोट गर्नु।

### ४.२.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु :*

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलानरपरिमार्जन गरिनेछ।
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका स्थानीय विज्ञ समुहबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।
६. पालिका अन्तर्गत स्वयम सेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।

७. ५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान तथा मेधावी शिक्षकलाई एम.फिल.वा विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

क) उपलब्धि

१.प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

ख) नतिजा

१.पालिका अन्तर्गत स्वयम सेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ।

२.शिक्षण पेशा प्रतिस्पर्धी र सम्मानित हुनेछ।

३.स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।

४.विषयगत रूपमा शिक्षक दरबन्दी मिलानरपरिमार्जन तथा आपूर्ति हुने।

५.क्षमतावान तथा मेधावी शिक्षकले एम.फिल. वा विद्यावारिधिका अवसर पाएका हुनेछन ।

### ४.२.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | |
| | स्वयम सेवक शिक्षक तयारी | संख्या | | | २० | | २० | ६० | गाउँपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | |
| | नयाँ नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | | २ | २ | ३ | ३ | आवश्यकता अनुसार | संघ / प्रदेश/ गाउँपालिका |
| ३ | शिक्षणसिकाइ क्रियाकलाप | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | १ | | १ | १ | ५ | गाउँपालिका |
| | उपचारात्मक शिक्षण पद्धति | पटक | | | | | | निरन्तर | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय | संख्या | | ३ | ३ | ३ | ३ | १७ | संघ / प्रदेश/ गाउँपालिका |
| | एक विद्यालय एक क्ष्यात ल्याब | संख्या | | १ | १ | २ | २ | १० | संघ र प्रदेशर गाउँपालिका |
| | शिक्षक पेशागत सहयोग पद्धति( विज्ञ समूह परिचालन | पटक | | १ | १ | १ | १ | निरन्तर | संघ / प्रदेश/ गाउँपालिका |
| | पेशागत शैक्षिक अवलोकन | पटक | | ३ | ३ | ३ | ३ | निरन्तर | गाउँपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | | २ | २ | २ | २ | ४ | गाउँपालिका |
| | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | संख्या | | ५ | ५ | ५ | ५ | २८ | गाउँपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | |
| | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका |
| | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | | | १ | | | ३ | गाउँपालिका |
| | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | १ | १ | १ | १ | १ | संघ / प्रदेश/ गाउँपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण

**परिचय**

एकडारा गाउँपालिका सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। मधेशी समुदायको मुख्य वसोबास रहेको यस क्षेत्रमा ब्राहमण, जनजाति, दलित तथा मुस्लिम समुदाय छन । साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको साक्षरता दर कम रहेको छ ।

### ४.३.१ वर्तमान अवस्था

यस पालिकामा लैङ्गिक अनुपात १००.३२ रहेको छ। गाउँ कार्यपालिका, वडा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्ध संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति रहेको छ। आधारभूत तह कक्षा १-८ मा १.०५ कक्षा ९-१२ मा १.३६ लैङ्गिक समता सूचक रहेको छ। यसै गरि सामुदायिक विद्यालयमा बालविकास सहजकर्ता सहित महिला शिक्षक अनुपात १ रहेको छ।
शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

१. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिश्चित गर्नु।

२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।

३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुर्‍याउने।

४.विद्यालयमा विभेदरहित बालमैत्री वातावरण बनाउने।

### ४.३.२ उद्देश्य

*शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित निम्न लिखित उद्देश्यहरु*

१.शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याई गुणस्तर सुनिश्चित गर्ने।

२.शैक्षिक सुशासन कायम गर्ने।

३.विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउने।

### ४.३.३ रणनीति

*शैक्षिक समता र समावेशीकरण योजनाका उद्देश्यहरु हासिल गर्न निम्न लिखित रणनीतिहरु*

१.विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध मिलाइने छ।

२.विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।

३.आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।

४.विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।

५.आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।

६.लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने।

७.किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।

८.हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने।

**ख) नतिजा**

१.विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।

२.लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने।

३.विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने।

४.विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने।

५.किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने।

६.मातृभाषामा सिकाइको अवसर प्रदान गरिने।

| शिक्षामा समता र समावेशीकरण | ८१।८२ |
|---|---|
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | 0.76 |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | 0.85 |

| | |
|---|---|
| कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | 0.95 |
| कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | 0.97 |
| आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | 1.18 |
| आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | 1.05 |
| माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | 1.38 |
| माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | 1.36 |

### ४.३.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा एकडारा गाउँपालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य निम्न बमोजिम रहेका छन् ।*

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ( बर्ष ५) | | | | भौतिक लक्ष्य (१० बर्ष) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | १ | १ | २ | गाउँपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | १ | १ | | | ३ | सा.सि.के. |
| ३ | वगीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | गाउँपालिका |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | | ५ | | ५ | १६ | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने। | निरन्तर | | | | | | | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | | | १ | | १ | | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | पटक | | १ | | | | २ | संघ/ प्रदेश/ गाउँपालिका |

## ४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम

**परिचय**

नेपालमा सन १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ।नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७/७८ मा यो लगानी करिब ८ अरब पुगेको छ।नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य , प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् ।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घररकोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद,जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

### ४.४.१ वर्तमान अवस्था

आ.व. २०७६/०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात यस पालिकाका कक्षा १-५ सञ्चालित १६ विद्यालयमा यो कार्यक्रम मार्फत विद्यार्थी लाभाम्वीत भएका छन्।पालिकाको निर्देशन बमोजिम हरेक दिन फरक फरक स्वाध्यवद्र्धक खानेकुराको कार्यतालिका नै तयारी गरी विद्यालयमा दिवाखाजा वितरण भईरहेको छ ।

आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१२ का किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम विद्यालय मार्फत एक जना फोकल पर्सन तोकि २ दिनको अनुशिक्षण दिएर सामग्री सहित वितरण गरीएको छ तथा विद्यालयमा नआउने विद्यार्थीको

फोलिक एसिड तथा आइरन चक्की नछुटोस भन्ने अभिप्रायले स्थानीय स्वयमसेवकलाई उक्त कार्यमा परिचालन गरिएको छ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १६ र महिला शिक्षक शौचालय १६ वटा छन। खानेपानीको आफ्नै श्रोत भएका विद्यालय १६,बाहिरी श्रोत भएका विद्यालय १६ र अन्य कुनै श्रोत नभएका विद्यालय शून्य रहेका छन् । विपद तथा जोखिम व्यवस्थापनको तयारीका बेला बेलामा अन्तर्रक्रिया तथा छलफल समेत हुने गरेको छ ।

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ :

१.दिवा खाजा,स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।

२.सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने।

३.विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।

४.सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।

५.विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।

६.सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

### ४.४.२ उद्देश्य

*दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित पालिकाका उद्देश्यहरु*

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।

२. विद्यालयमा बालबालिकाको स्वास्थ्य,पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।

३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ :

१.शिक्षा,स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने।

२.बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ।

३.सवै विद्यालयमा ँकभच ःबलगब ासमेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिने ।

४.अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।

५.सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१.विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१.विद्यालय दिवा खाजा कर्यविधि निर्माण तथा प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने।
२.सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन हुने।
३.सबै विद्यालयमा user manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने।
४.स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।
५.सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।
६.स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।

### ४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य ( १० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि निर्माण र परिमार्जन | पटक | | १ | | | | २ | गाउँपालिका |
| २ | माध्यमिक विद्यालय एक स्वास्थकर्मि | संख्या | | | २ | | २ | ६ | संघ/ प्रदेश/ गाउँपालिका |
| ३ | सबै विद्यालयमा प्राथमिक उपचार बाकस वितरण | पटक | | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | पटक | | | १ | | | १ | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | | २ | २ | २ | २ | १७ | गाउँपालिका |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | | | | | | | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | | | | १ | | विद्यालय |
| ८ | अभिभावक आमा समूह बैठक | पटक | १ | १ | १ | १ | १ | १० | विद्यालय |

## ४.५ आपतकालीन तथा  संकटकालिन अवस्था शिक्षा

**परिचय**

आपतकालीन तथा  संकटकालिन शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई शुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ(आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन । विशेषतः लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड(१९ लगायतका महामारीहरूका  प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजना मा  यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलतः तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :

क) प्राकृतिक प्रकोपः भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।

ख) महामारीस् झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू।

ग) युद्ध, द्वन्द्व, विस्थापनस् आन्तरिक तथा बाह्य युद्ध एवम द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने।

### ४.५.१ वर्तमान अवस्था

**विद्यमान नीतिगत व्यवस्था**

- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ अनुसार प्रदेश र स्थानीय तहमा विपद उत्थानशीलताको संयन्त्रको व्यवस्था
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था
- भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था भएको)
- विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको)
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको)
- विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१
- वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन)
- वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धि क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने)
- दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको

**स्थानीय तहको विद्यमान अवस्थाः**

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा सहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालयको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ यसै सन्दर्भमा माध्यमिक विद्यालयहरुले अनलाईन कक्षाहरु संचालन गरेका थिए भने तल्लो कक्षाका विद्यार्थीहरुको लागि शिक्षक टोलमै पुगी सिकाई सहजीकरण समेत गरेका थिए । विपद्का लागि सहयोगार्थ यस पालिकामा प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा रहेको छ। विद्यालयमा रहेको बालक्लब तथा जुनियर रेडक्रस सर्कलहरुले पनि विपदप्रति सचेतना जगाउदै आएका छन । स्थानीय पाठ्यक्रमको पाठयक्रम निर्माण गरिने समयमा तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिने छ ।

**परिस्थितिजन्य शिक्षाका चुनौतीहरूः**

१. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने।
२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु।
३. संकटको क्षेत्र पहिचान गर्नु।
४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु।
५. योजना निर्माणको प्रक्रिया र सहभागिता।

### ४.५.२ उद्देश्य

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।
२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने।

### ४.५.४ रणनीतिहरू

१. स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कन का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ(आफ्ना विद्यालयको योजना तयार गर्ने छन्।
२. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनरुथापन गरिने छ।
३. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथाम, र पुनरुथापनाका लागि क्षमता विकास गरिनेछ।
४. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ।
५. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवाला लाई जिम्मेवार बनाइनेछ।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

१.हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने।

ख) नतिजा

१.विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने।

२.स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने।

३.महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा  उपचार सहित सिकाइ निरन्तरता हुने।

### ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | आवश्यकत अनुसार | | १ | | | | २ | संघ/ प्रदेश/ गाउँपालिका |
| २ | स्वास्थ्य सुरक्षा सामग्री वितरण | विद्यालय | १६ | १६ | १६ | २२ | ३० | ३५ | गाउँपालिका |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | निरन्तर | | २ | ४ | ४ | १० | १५ | संघ/ प्रदेश/ गाउँपालिका |
| ४ | समुदायमा सूचना तथा संचार प्रविधिको विस्तार | प्रतिशत | १० | ५ | १० | १० | १० | ९० | गाउँपालिका |
| ५ | विद्यालयमा सूचना तथा सर्त्चार प्रविधिको विकास | संख्या | | ३ | ३ | ३ | ३ | ३५ | गाउँपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | विद्यालय | | १६ | | | | ३५ | गाउँपालिका |

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

**परिचय**

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय,

पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

**४.६.१ वर्तमान अवस्था**

यस पालिकामा कूल विद्यालय १६ सामुदायिक विद्यालय छन । सामुदायिक विद्यालय तर्फ ५३ भवन रहेकोमा १२ वटा पक्की भवन छन जसमा साममुदायिक तर्फ ४० वटा कक्षाकोठा पक्की छन यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ। सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १६, छात्र शौचालय १६ तथा महिला शिक्षक शौचालय १६ वटा छन । खानेपानीको आफ्नै श्रोत भएका विद्यालय १६ , बाहिरी श्रोत भएका विद्यालय ९ र अन्य कुनै श्रोत नभएका विद्यालय शून्य रहेका छन । पालिका भरमा २ वटा विद्यालयमा पुस्तकालय, ३ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ६ विद्यालयमा कम्प्युटर प्रयोगशाला र १५ वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा १ विद्यालयमा स्टाफ कोठा, १६ विद्यालयमा स्टोर कोठा, ० विद्यालयमा खेलकुद कोठा साथै ४ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन । यस पालिकामा १ वटा विद्यालयमा ४ कोठे पक्की भवन निर्माण र निर्माणधीन अवस्थामा छन । अधिकांस विद्यालयमा पक्कीे घेराबारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण हुने क्रममा रहेका छन्।

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छनः

१.भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।

२.पूर्वाधार विकास कालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।

३.सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।

४.आवश्यक स्रोतको व्यवस्थापन गर्नु।

५.पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

**४.६.२ उद्देश्य**

१.सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।

२.पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउने।

### ४.६.३ रणनीतिहरू

१.पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।

२.विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ।

३.विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिनेछ।

४.प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ।

५.पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ।

६.पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।

७.आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

**क) उपलब्धि**

१.सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**ख) नतिजा**

१.माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।

२.पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।

३.पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकास हुने।

४.पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।

५.पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने।

६.विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने।

७.सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने।

### ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | १ | १ | १ | गाउँपालिका |
| २ | पूर्वाधार विकास एवम विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | | | | ३ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार निर्माण | संख्या | | | १ | | | ३५ | गाउँपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | | १ | १ | १ | १ | १ | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यक | | | | | | | गाउँपालिका |

## ४.७ विधालयमा सूचना तथा संचार प्रविधि

**परिचय**

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन ।

हालको कोभिड–१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको होला।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको

व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ।

### ४.७.१ वर्तमान अवस्था

यस पालिकाले हाल मल्टिमिडिया समेतको सुविधा भएका १,स्मार्ट वोर्ड भएको २ विद्यालय छन । एकडारा गाउँपालिकामा १६ वटा विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा भएका विद्यालयहरु क्रमशः ३,४ र १६ वटा रहेका छन । यस पालिकामा १ वटा विद्यालयका १ जना शिक्षक कर्मचारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरेका छन । भने प्राय अधिकांस शिक्षकहरु प्रविधिको पहुँच भन्दा टाढा रहेको देखिन्छ। आ.व. २०७७/०७८ मा २ दिने विद्यालय जिन्सी लेखा तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तालिम यस पालिकाले सञ्चालन गरेको थियो।

**शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :**

१.सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न।

२.विस्तार गरिएका ई(पुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न।

३.शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न।

४.प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न।

५.सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न।

६.एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न।

७.स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियाता बढाउने।

### ४.७.२ उद्देश्यहरू

१.विद्यालय शिक्षालाई प्रभावकारी,गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।

२.अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्याउने।

३.विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।

### ४.७.३ रणनीतिहरू

१.सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने।

२.शिक्षकहरूको क्षमता विकास गरी स्वयम् सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।

३.विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।

४.सबै विद्यालयहरूमा सि।सि। क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ।
५.सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ।
६.अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुर्याउने।
७.विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
८.एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
९.विद्युत्तीय पुस्तकालय लाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।
१०.सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

### ४.७.४ नतिजा,क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने।

**ख) नतिजा**

१.शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन क्ष्ऋत् शिक्षक व्यवस्थापन,डिजिटल ल्याव स्थापना र सञ्चालन हुने।
२.विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
३.स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन का लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा ब्लमचयष्म फोन का साथै पेनड्राइभ हुने।
४.विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने।
५. प्रत्येक वडामा एक फ्रि वाई(फई चौतारी निर्माण गर्ने।
६.शिक्षकहरूको क्षमता विकास गरी स्वयमसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
७.सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने।
८.सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।

### ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | | २ | २ | २ | २ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| २ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना | संख्या | | | १ | | | १ | संघ/ प्रदेश/ गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | विद्यालय | | ३ | ३ | ३ | ३ | १६ | विद्यालय / गाउँपालिका |
| ४ | ई-पुस्तकालय स्थापना | संख्या | | १ | | | | १६ | गाउँपालिका |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुच | प्रतिशत | | ५ | १० | १५ | २० | ७० | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | पटक | | | | | १ | | गाउँपालिका |
| ७ | फ्रि वाई-फाई चौतारी | संख्या | | | २ | १ | १ | ८ | गाउँपालिका |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | १६ | | | | ३४ | गाउँपालिका |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | | | | | | | गाउँपालिका |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास संचलन | निरन्तर | | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका |

# परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

**परिचय**

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस

सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसै गरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ५.१ संस्थागत संरचना र क्षमता विकास

### ५.१.१ परिचय

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्वस शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार, प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन ।

### ५.१.३ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छनः

१.विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने

२.विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने

३.समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने

४.विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने

### ५.१.४ रणनीतिहरू

१.विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठनिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने

२.विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने

३.समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने

४.विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठनिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने

२. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने

३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने

**प्रमुख क्रियाकलाप र लक्ष्य**

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | पटक | | | १ | | | २ | गाउँपालिका |
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | | १ | | | | १ | गाउँपालिका |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | २ | २ | २ | २ | २ | १६ | गाउँपालिका |
| ४ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिम्मेवार वनाउने | संख्या | | १६ | | | | १६ | गाउँपालिका |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | निरन्तर | | १६ | | | | १६ | गाउँपालिका |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र (वडा संख्या) | १ | २ | २ | २ | २ | ६ | गाउँपालिका |
| ,७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | २ | २ | २ | २ | २ | १६ | स्थानीय तह र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | २ | २ | २ | २ | २ | १६ | गाउँपालिका |

## ५.२ स्थानीय शिक्षा योजना कार्यन्वयन प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

**परिचय**

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन । यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन । शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन ।

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

### ५.२.१ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा,

राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखारशाखा रहेका छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ। हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छनः

१.स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु

२.शिक्षक तालिमको क्षमता विस्तार गर्नु।

३.स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।

४.विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने

५.संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।

६.संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने,

### ५.२.३ योजना कार्यान्वयनको प्रबन्ध

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

स्थानीय तह

१. एकडारा गाउँपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

२. एकडारा गाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।

३.एकडारा गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन ।

४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार एकडारा गाउँपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।

५.	एकडारा गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।

६. एकडारा गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय**

१.विद्यालयले विद्यालय सुधार योजना  तयार गरी सालवसाली अद्यावधिक गर्ने।

२.संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।

३.व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील  संरचना तयार गर्ने।

७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**समुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।

१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

२.  विषयगत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन,लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा अनुगमन,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम जाँचबुझ

गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन ।

### ५.३.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, एकडारा गाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मल्याङ्कन गरीने गरिएको छ। वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ। उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमन कर्ताको विकास गर्नु।

२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु

३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।

४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।

५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।

६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै  यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।

७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु।

## ५.३.३ उद्देश्य

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।

२. अनुगमन तथा मल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।

३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलव्धि हासिल गर्नु।

४. योजनाको प्रारम्भदेखि  प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

## ५.३.४ रणनीतिहरू

१. अनुगमन तथा मूल्याङ्कन को संयन्त्र निर्माण गरी उपयोग गर्ने

२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने

३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने

४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने

५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने

६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने

७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने

८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने

९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

## ५.३.५ सिकाइ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क) उपलब्धि

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको  हुने।

**ख) प्रमुख नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले योजना कार्यान्वयनका लागि गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र. स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ( बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | १ | | १ | | १ | ३ | स्थानीय तह |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | | १ | १ | १ | १ | ६ | स्थानीय तह |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ३ | ४ | ४ | ४ | ४ | ४० | स्थानीय ,प्रदेश र संघ सबै विद्यालयमा |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन (चौमासिक/ वार्षिक) | पटक | ३ | ३ | ३ | ३ | ३ | ३० | स्थानीय तह र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | २ | २ | २ | २ | २ | २० | विद्यालय |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | | १ | | | १ | ३ | स्थानीय तह |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | | | १ | | १ | ३ | स्थानीय तह |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | १० | स्थानीय तह र विद्यालय |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

## परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ। शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ। पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ६.२ वर्तमान अवस्था

एकडारा गाउँपालिकाको आ.व. २०८१/८२ को कूल बजेट रु ४,५०,७७,०५० मध्ये १८.९९ प्रतिशत शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तर्गतको बजेट विनियोजन गरेको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ।नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरीएको छ

१.शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापन गर्ने।

२.संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने।

३.संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास गर्ने।

४.प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।

५.वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दीगोपना सुनिश्चित गर्ने।

६.आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना ९प्राथमिकता र प्रतिशत० निर्धारण गर्ने।

८.विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने।

९.शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।

१०.गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने

११.वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

१२.वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न।

## ६.३ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।

४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।

## ६.४ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन ।

१. विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ। यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने।

३. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्याइने छ।

५. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा  गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।

६. उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च  गरिनेछ।

७. सार्वजनिक सेवा ,सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।

८.मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ।

९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ।

१०. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ।

११.वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

## ६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य उपलब्धि तथा नतिजाहरू*

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

## ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

### प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

एकडारा गाउँपालिकाले १० वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना (२०८१-२०९०) मा विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापदण्ड पूरा गरि गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ। माध्यमिक शिक्षालाई निःशुल््क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ। आधारभूत तहमा पाँच वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताका मापण्ड पूरा गर्ने भने माध्यमिक तहमा दश वर्षभित्र सबै विद्यालयमा यो मापदण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ। विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ। पाठ्यक्रमको सान्दर्भिकता बढाउने। पाठ्यपुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समाविशतामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमध्ये केहीलाई आवासीय प्रबन्धसहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ।

विद्यालय क्षेत्र अन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट

| क सं | उपक्षेत्र | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बाल विकास र | ५ | १० | १५ | २० | २० | ७० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षा | | | | | | |
| २ | आधारभूत शिक्षा | १५ | १७ | १८ | १५ | १५ | ८० |
| ३ | माध्यमिक शिक्षा | १० | १२ | १५ | १५ | २० | ७२ |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ० | २ | ३ | ३ | ४ | १२ |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ० | १० | ४ | ४ | ७ | २५ |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ० | ७ | ८ | ९ | १० | ३४ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ० | ३ | ३ | ३ | ३ | १२ |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ० | ५ | ५ | ५ | ५ | २० |
| १० | आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा | ६ | ६ | ६ | ६ | ६ | ३० |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | ० | ३० | ३५ | ४० | ५० | १५५ |
| १२ | शिक्षामा सूचना र प्रविधि | २ | ५ | ५ | ४ | ५ | २१ |
| १३ | अनुगमन तथा मूल्याङ्कन | १ | २ | २ | २ | ३ | १० |
| **जम्मा रु लाखमा** | | ३९ | १०९ | ११९ | १२६ | १४८ | ५४१ |

अनुमान पहिलो पाँच बर्षका लागि जम्मा ५ करोड ४१ लाख रुपैया आवश्यक देखिन्छ जसमा शिक्षक, कर्मचारी तथा सहजकर्ताको पारिश्रमिक जोडिएको छैन ।

योजनाका लागि अपुग श्रोतको वार्षिक विवरण

| क्र.स. | शिक्षा योजनाका उप-क्षेत्रहरु | संघीय सरकारबाट प्राप्त अनुदान | प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित | स्थानीय सरकारबाट प्राप्त हुने अनुमानित | गैरससबाट प्राप्त हुने अनुमानित | कैफियत |
|---|---|---|---|---|---|---|

| | | अनुमानित बजेट (%) | बजेट (%) | बजेट (%) | बजेट (%) | |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ६५% | ५% | २० | १०% | |
| २ | आधारभूत शिक्षा | ६५% | ५% | १५% | १५% | |
| ३ | माध्यमिक शिक्षा | ७०% | ५% | २०% | ५% | |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ६०% | १०% | ३०% | | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ६०% | ५% | १५% | २०% | |
| ६ | पाठ्यक्रम, पाठ्य पुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ७०% | | २०% | १०% | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | | ५% | ९५% | | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ६०% | ५% | १५% | २०% | |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ९५% | | ५% | | |
| १० | आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा | १०% | ५% | २५% | ६०% | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | १०% | ५% | १५% | ७०% | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ७०% | | ३०% | | |
| १३ | संस्थागत क्षमता विकास | ६०% | ५% | २५% | १०% | |
| १४ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | ६०% | | ३०% | १०% | |
| १५ | लगानी तथा स्रोत व्यवस्थापन | १०% | | ८०% | १०% | |
| १६ | अनुगमन तथा मुल्यांकन | ६०% | | ४०% | | |
| | कुल जम्मा अनुमानित बजेट (रु.लाखमा) | | | | | |

# परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

**परिचय**

एकडारा गाउँपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ। यस योजनामा गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरीएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरीएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो। जसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ। यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ। यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ। नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ।

यस परिच्छेदमा योजनाको समग्र खाकाअन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरीएको छ। त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ।

## ७.२ योजनाको समग्र नतिजा खाका

यस शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाका अन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ। त्यसै गरी योजनाको तत्कालीन, मध्यकालीन र दीर्घकालीन तथा उपलब्धिहरू उल्लेख गरीएको छ भने उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ। यस पछिका दुई तालिकामा (तालिका ७.१ र ७.२) नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू र कार्यक्रम नतिजा सूचकहरू समावेश गरिएको छ।

तत्कालीन उपलब्धि

**तालिका ७.१ योजनाको समग्र नतिजा, नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू**

| क.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | पोषणयुक्त दिवा खाजा | | |
| | | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |
| ५ | निरक्षरहरुको विवरण संकलन | | |
| ६ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | | |
| ७ | विद्यालयको मर्मत सम्भार | | |
| ८ | इ-पुस्तकालय अद्यावधिक र विस्तार | | |

**मध्यकालीन उपलब्धि**

| क.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | प्राविधिक धारको स्तर उन्नती | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | स्वयम सेवक शिक्षक तयारी | | |
| ३ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ४ | वगीय आधारमा छात्रवृत्ति वितरण | | |
| ५ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | | |
| ६ | User Manual समेतको प्राथमिक उपचार बाकस | | |
| ७ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | | |

**दीर्घकालीन उपलब्धि**

| क.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | • प्रमुख कार्य सम्पादन | • एकीकृत शैक्षिक सूचना |

| | | | |
|---|---|---|---|
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि हुने। | सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति प्रतिवेदन,<br>• बार्षिक अनुगमन प्रतिवेदन,<br>• विभिन्न तहमा बार्षिक प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |
| ४ | सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने। | | |
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने। | | |
| ६ | प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने। | | |
| ७ | सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित हुने। | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने। | | |
| १० | आर्थिक  अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने। | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरीने। | | |
| १२ | सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने। | | |
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने। | | |

| | | | |
|---|---|---|---|
| १४ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने। | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने। | | |